जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १५ पृष्ठः ४ | २०८२ बैशाख १९ गते शुक्रबार (Friday 02 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## रामजानकी मन्दिर निर्माणको काम सुरु

**जीवछ यादव**

लहान, १८ वैशाख। लहान नगरपालिका–१७ हरिपुर एकरतियामा स्थानीयहरूले सामाजमा शान्ति ल्याउन रामजानकी मन्दिर निर्माणको काम सुरु गरेका छन्। मन्दिरको शिलान्याश गर्दै लहान नगर प्रमुख महेशप्रसाद चौधरीले सामाजिक एकता र समाजमा शान्ति बनाइ राख्न स्थाीयहरूले गरेको मागअनुसार नौ लाखको लागतमा मन्दिर निर्माणको काम सुरु गरेको बताए। भौतिक र अध्यात्मिक विकाससँगै सामाजिक जागरणका लागि समेत सबै समुदायले आपसी एकता कायम राख्न यो मन्दिर निर्माण गर्न लागेका छौं। यस वडामा लहान नगरपालिकाले शिक्षा स्वास्थ्य खानेपानी सडक निर्माण कार्यलाई गति दिएको छ' उहाँले भने।

गाउँको पुरुषहरू वैदेशिक रोजगारमा गएकोले गाउँको विकास, सामाजिक कार्य र आय आर्जनका कामहरू गर्न समेत महिला समूहहरू सक्रिय भइरहेको स्थानीय अगुवा अनिता चौधरीले सुनाए। मन्दिर निर्माण भएपछि गाउँको स्वच्छता अभियानलाई अघि बढाउन सामाजिक कार्यहरू गर्न सामुहिक निर्णयहरू गर्न समेत मन्दिर परिसरमा बसेर निर्णय गर्न मन्दिर निर्माण गर्न लागेको उनले प्रष्ट्याए। हरिपुर एकरतियाका महिलालाई आत्मनिर्भर बनाउन अगरवत्ति मैनबत्ती लहठी चुरा र गुन्द्रुक बनाउने सीपका लागि समेत तालिम सञ्चालन गर्ने सोचमा रहेको स्थानीय महिलाहरू मन्दिर शिलान्यास स्थलमा नगर प्रमुख महेशप्रसाद चौधरीको ध्यानआकर्षण गराउँदै आवश्यक तालिम र बिउ पुँजीको लागि लहान नगरपालिकाले सहयोग गर्नुपर्ने माग गरे। राम मन्दिर निर्माणलगतै स्थानीय महिलाले सामाजिक स्वच्छता कार्यक्रम अन्तर्गत सडक सरसफाइ, सामुदायिक विद्यालयको सुधार र सामुदायिक वनको संरक्षण लगायको कार्यक्रम गर्ने स्थानीय महिलाले विश्वास व्यक्त गरे।

## जोखिम मोलेर यसरी काम गर्दैछन् फलामजन्य उद्योगका मजदुर

**शारदा पोखरेल**

बारा, १८ बैशाख। कलैया उपमहानगरपालिका–१५, खमुवाका भरोसप्रसाद यादव अशोक स्टिल प्रा.लि.मा मजदुरी गर्दछन्। यादवले १० वर्षदेखि दैनिक १२ घण्टा भट्टीमा कवाडी गलाउने काम गर्दै आएका छन्। 'भट्टीमा धेरै खतरावाला काम छ, लगातार १२ घण्टा काम गर्नुपर्छ, शनिवार पनि छुट्टी हुँदैन, धेरै गाह्रो छ,' यादवले भने, 'काम गर्दा सुरक्षाका लागि जुत्ता, पन्जा, टोपी केही हुँदैन। कति बेला आगोमा परेर खरानी भइन्छ, थाहा हुँदैन।' असुरक्षित ढंगले आगोको भट्टीमा काम गर्दा ज्यानको जोखिम त छँदैछ, सुविधा पनि केही नभएको उनको गुनासो छ। फलामजन्य उद्योगहरूले १ हजार ६ सय डिग्री तापक्रममा कवाडीलाई गलाएर डण्डी उत्पादन गर्दछन्। भट्टीमा एक पटकमा १५ देखि २० टनसम्म कवाडी गलाउने काम हुन्छ, जसमा कहिलेकाहीँ रसायनहरूको मात्रा नमिल्दा भट्टी



पड्कने जोखिम हुन्छ।

यादव भट्टीमा काम गर्दा जुनसुकै बेला ज्यान जान सक्ने बताउँछन्। दैनिक १२ घण्टा भट्टीमा काम गरेर उनले मासिक २२ हजार पारिश्रमिक पाउँछन्। 'उद्योगले हामीलाई सामाजिक सुरक्षा कोषको सुविधा दिएको छैन, यसमा के सुविधा पाइन्छ भन्ने पनि थाहा छैन,' उनले भने। यादवजस्तै जीतपुरका राजन पटेल पनि १२ घण्टा अशोक स्टिलमा विद्युत् मर्मतको काम गर्दछन्। '१२ घण्टा ड्युटी हुन्छ। शनिवार पनि छुट्टी हुँदैन। तलबबाहेक केही सुविधा छैन,' पटेलले भने, 'सामाजिक सुरक्षा कोषको सुविधा पनि पाएको छैन।' कलैया वडा नं १७ का श्याम कुमार पनि चर्को घाम र गर्मीमा लगातार १२ घण्टा आगोमा काम गर्दा धेरै दुःख भएको गुनासो गर्दछन्। 'मजदुरहरूलाई कुनै सुविधा छैन। बिरामी भएर २ दिन काममा आएन भने तलब काट्छ,' उनले भने, 'भट्टीमा काम गर्न धेरै गाह्रो छ।'

पथलैया–वीरगञ्ज औद्योगिक करिडोरका फलामजन्य उद्योगमा कार्यरत अधिकांश मजदुरको समस्या यादव, पटेल र श्यामकुमारको जस्तै छ। जगदम्बा स्टिल, अशोक स्टिल, नारायणी स्पात, जगशक्ति ईन्टरप्राईजेज लगायत उद्योगहरूले आफ्नो उद्योगमा ४ देखि ५ वटा कवाडी गलाउने भट्टी चलाएका छन्। यी भट्टी २४ सै घण्टा सञ्चालन हुन्छन्। प्रतिभट्टी ७० देखि ८० जना भारतीय मजदुर कार्यरत छन्। साःख स्टिल प्रालिका व्यवस्थापक राजु तिमिल्सिनाले भट्टी पड्कदा एकैपटक २० औं जना मजदुरको ज्यान जाने र घाइते हुने जोखिम रहने बताउँछन्। 'भट्टीमा काम गर्ने ९९ प्रतिशत भारतीय हुन्छन्। भट्टी विस्फोट भयो भने उपचारको नाममा घाइतेहरूलाई हतारहतार एम्बुलेन्समा बोर्डर कटाउने र केसलाई त्यतै सल्टाउने काम हुन्छ,' तिमिल्सिनाले भने।

गत वर्ष सर्वोत्तम स्टिल प्रा.लि.मा

–बाँकी तीन पेजमा

## सिरहामा अनौपचारिक क्षेत्रका श्रमिकहरूको प्रदर्शन

लहान, १८ बैशाख। १३६औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा बिहीबार सिराहाको लहानमा अनौपचारिक क्षेत्रका श्रमिकहरूले प्रदर्शन गरेका छन्। लहान नगरपालिका, दलित जनकल्याण युवा क्लब, नेपाल ट्रेड युनियन कंग्रेस सिराहाको आयोजनामा प्रदर्शन गरिएको हो। स्थानीय पशुपति आदर्श मावि परिसरबाट निस्केको जुलुस घन्टाघर, नयाँ बजार, ग्रामीण चोक हुँदै नगर सभा हलमा अन्तर्क्रिया गरिँदै छ। प्रदर्शनमा श्रमिकहरूले ज्यालामा एकरूपता

–बाँकी तीन पेजमा

## जागिर र कर्मचारी खोज्ने दुवै पक्षलाई सघाउन सरकारले श्रम पोर्टल शुरू गर्‍यो

काठमाडौं, १८ बैशाख। सरकारले रोजगारदाता र उद्यमीबीच समन्वय गर्न 'श्रमसंसार पोर्टल' सञ्चालनमा ल्याएको छ। १३६औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आज आयोजना गरेको कार्यक्रममा 'श्रमसंसार पोर्टल' को शुभारम्भ गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले काम र कामदार नपाइने समस्या समाधान गर्न पोर्टल सञ्चालनमा ल्याइएको जानकारी दिए। रोजगार विनिमय कार्यक्रमलाई तुरुन्तै नागरिक एपमा जोडिने र एकातिर काम पाइएन भन्ने र अर्कोतिर कामदार पाइएन भन्ने दुवै समस्या समाधान हुने प्रधानमन्त्री ओलीको दाबी छ। प्रधानमन्त्री ओलीले श्रमिकको अधिकार रक्षा र समस्या समाधानका लागि सरकार प्रतिबद्ध रहेको पनि बताए।

यस्तै कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले 'श्रम संसार' पोर्टल सञ्चालन भएसँगै भनसुनको आधारमा रोजगारी पाइने स्थितिको अन्त्य हुने दाबी गरे। 'श्रमसंसार पोर्टल' श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्माण गरेको श्रम बजारसम्बन्धी आधिकारिक सूचना प्रवाह गर्ने सञ्जाल हो। मन्त्रालयका अनुसार यसबाट श्रम बजारमा रहेका रोजगारी, तालिम तथा उद्यमशीलताका अवसरको सूचना उपलब्ध हुन्छन्। यो पोर्टल संघ तथा प्रदेश सरकारको समन्वयमा हरेक पालिकामा रहेका रोजगार सेवा केन्द्रमार्फत सञ्चालन हुनेछ। यसको प्रयोगले देशभर रहेका

–बाँकी तीन पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## सामाजिक सुरक्षा कोषमा सहभागी बनौं

- साइबर सुरक्षाबारे सचेत रहौं
- अपरिचित इमेल, सन्देश र लिंकहरु नखोलौ.
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौ,
- अनधिकृत स  टवेयर डाउनलोड नगरौ,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आ  नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौ,
- आ  नो पासवर्डलाई बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
- वाई–फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## यस्तै कमजोरीले गुम्ने हो जनविश्वास

सर्वोच्च अदालतका एक अधिकृतको 'अनधिकृत' पत्रले बुधवार राजनीतिक तरङ्ग नै ल्याइदियो। अदालतका पत्रका आधारमा नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरीलाई पक्रेर थुनियो । केही सर्वोच्च अदालतले नै पत्र 'अनधिकृत' भएको खुलासा गरेपछि चौधरीलाई थुना मुक्त गरिएको छ भने शाखा अधिकृत हिरासतमा पुगेका छन्। विसं २०७२ भदौ ७ मा भएको टीकापुर हत्याकाण्डमा सर्वस्वसहित जन्मकैदको सजाय पाएका रेशम चौधरीलाई २०८० को जेठ १४ गते राष्ट्रपतिबाट कैद मिनाहा गरिएको थियो। राष्ट्रपतिबाट गरिएको कैद मिनाहा गैरकानुनी भएको जिकिर गर्दै परेको मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधीन छ।

यस्तै प्रकृतिको अर्कै मुद्दामा भएको आदेशलाई नजिर मान्दै सर्वोच्च अदालतका शाखा अधिकृतले चौधरीलाई थुनामा राख्ने पत्र बुझाएपछि प्रहरीले उनलाई पक्र्यो। चौधरी नागरिक उन्मुक्ति पार्टी र जनमतबीच एकता घोषणा कार्यक्रममा सहभागी हुने लागेका बेला पक्राउ परेका थिए। चौधरी पक्राउ परेपछि एकता घोषणा अनिश्चित समयका लागि स्थगित भएको छ। 'फिल्मी शैली'मा भएको चौधरीको पक्राउ र रिहाइलाई जनमतका नेताले 'सरकारी षड्यन्त्र'को संज्ञा दिएका छन्। कार्यक्रमस्थलमा सरकारविरुद्ध नारावाजीसमेत भएको थियो। प्रहरीले 'अनधिकृत' आदेश गर्ने अधिकृतलाई पक्रेर अनुसन्धान गरिरहेको छ। प्रहरी घटनाको वास्तविकतासम्म पुग्न सकोस्।

यस घटनाले सर्वोच्च अदालत प्रशासनको पनि कमजोरी उजागर गरेको छ। यस्तै घटना पहिले भएका छैनन् वा अब पनि हुनेछैनन् भनेर कसरी ढुक्क हुने रु चौधरी राजनीतिक व्यक्तित्व भएकाले अदालत, सञ्चार माध्यमलगायतको ध्यानाकर्षण भयो। सामान्य नागरिक त अनधिकृत आदेशबाट पनि थुनिएको थुनियै हुनेथियो। अहिले पनि थुनामा राख्न नपर्ने कतिपय व्यक्ति पुर्पक्षका लागि कारागारमा राखिएका होलान्। मुद्दा नछिनिएकै कारण सम्भावित सजायभन्दा बढी कैदमा जीवन बिताउनेहरूको समाचार बेलाबखत सार्वजनिक हुन्छन्। यस्ता घटनाबाट न्यायालयप्रतिको जनविश्वास डगमगाउँछ। दुर्भाग्य, यसमा मूलतः अदालतकै न्यायाधीश र कर्मचारीहरूको भूमिका हुन्छ।

रेशम चौधरी पक्राउ र रिहाइको घटना 'षड्यन्त्र' हो कि होइन अहिले नै भन्न सकिँदैन। यद्यपि, नेपाली समाजमा 'षड्यन्त्रको सिद्धान्त' धेरै बिक्छ। तर, यस प्रकरणमा सर्वोच्च अदालत र नेपाल प्रहरीको भने गम्भीर कमजोरी देखियो। यसैले छानबिनका साथै यस्तो घटना दोहोरिन नदिने प्रबन्ध पनि अदालत र प्रहरीले मिलाउनुपर्छ। अदालतबाट 'अनधिकृत' पत्र लेखिने र प्रहरीले आधिकारिकताको जाँच नै नगरी कार्यान्वयन गर्ने अवस्था सामान्यतः हुने घटना होइन। तैपनि, त्यस्तो हुने जोखिम त रहेछ। यसैले अदालतले प्रतिरक्षात्मक हुनुभन्दा यसलाई गम्भीरतापूर्वक लिनु उचित र आवश्यक देखिन्छ।

यस प्रकरणको गम्भीर छानबिन गरी यस्तो घटना दोहोरिन नदिन उपायहरू अपनाउने र जनताले विश्वास गर्ने गरी त्यस्तो उपाय सार्वजनिक गर्न पनि अदालत अग्रसर हुनुपर्छ। जनतालाई सुसूचित गर्न सके न्यायालयकै साख बढ्नेछ। प्रहरीले पनि यस प्रकरणबाट सिक्ने अपेक्षा गर्नु अर्थेल्याइँ त नमानिएला नि !

## श्रमिकको तलब नदिने तीन उद्योगका खाता बन्द

जनकपुर,१८ बैशाख। श्रमिकको तलब नदिने धनुषाका तीन वटा उद्योगको खाता बन्द गरिएको छ। महेन्द्रनगरको एभरेष्ट पेपर मिल्स प्रालि, जानकी मेडिकल कलेज र बुद्ध प्रांगिक मल उद्योगको बैंक खाता र चलअचल सम्पत्ति रोक्का गरिएको हो। उनीहरुले श्रमिक कर्मचारीको तलब भत्तासहितका सेवा सुविधा बक्यौता राखेको र श्रम अदालतको आदेश नमानेको कारण बैंक खाता रोक्का गरिएको श्रम तथा रोजगार कार्यालय जनकपुरधामका प्रमुख दिवाकर भुजेलले जानकारी दिए।

श्रम अदालतका फैसलाहरू कार्यान्वयन गर्ने उद्देश्यले खाता तथा सम्पत्ति रोक्का गरिएको उनले बताए। श्रमिकको बक्यौता रकम फछ्र्यौट नभएसम्म खाता सञ्चालन नहुने उनको भनाइ छ। एभरेष्ट पेपर मिल्सको उत्पादन दुई वर्षदेखि बन्द छ। यी उद्योगले दुई सय ५० श्रमिकको करिब१० करोड रूपैयाँ बक्यौता राखेको छ। जानकी मेडिकल कलेज र बुद्ध प्रांगिक मल उद्योग सञ्चालनमै छ। श्रम तथा रोजगार कार्यालय जनकपुरधाममा चालु आर्थिक वर्षमा ४६ वटा श्रम उजुरी परेको छ। जसमध्ये १५ वटा एभरेष्ट पेपर मिल्सको छ। कार्यालयले एक सय १२ वटा उद्योग प्रतिष्ठानको निरीक्षण गरी श्रम ऐन कार्यान्वयनको स्थिति अनुगमन गरेका थिए। एक सय १२ वटा बाल श्रम निरीक्षण, एक सय १८ वटा श्रम अडिटसम्बन्धी निरीक्षण गरेका थिए।

# आगामी नीति तथा कार्यक्रम कस्तो आउनुपर्छ ?

**डा. दीपेन्द्र रोकाया**

आगामी वर्षका लागि सरकारको नीति तथा कार्यक्रम कस्तो आउनुपर्छ ? यसबारे कहीँ–कतै छलफल भएको पाइँदैन। वास्तवमा यस्ता विषयमा सरकार आ नो तयारीमा हुन्छ नै। सरोकारवाला र निजी क्षेत्रका साथै विषयविज्ञले बहस गर्नुपर्ने हो, नेपालमा त्यसो गरेको त्यति पाइँदैन। जिउँदोजाग्दो समाजले त राज्यको आय–व्ययमाथि बृहत् छलफल गर्नुपर्ने हो। अहिले हामीकहाँ एमाले नेतृत्वको गठबन्धन सरकार छ। दुई ठुला दल सम्मिलित सरकार भए पनि राष्ट्रिय समस्या घट्नेभन्दा थपिँदै गएको देखिन्छ। आन्दोलनकारीका कारण माइतीघर क्षेत्र लामो समयदेखि व्यस्त छ। स्थानीय तहमा अधिकार विकेन्द्रीकरण भए पनि केन्द्र र प्रदेशबिच समन्वय र सहकार्यको अभाव छ। सुशासनमा थप समस्या देखिएका छन्।

विश्व बैंकले २०२४ मा नेपालको आर्थिक वृद्धिदर ३.३ प्रतिशत हुने अनुमान गरेको थियो। जुन कोभिड– १९ अगाडिको ७ प्रतिशतभन्दा धेरै कम हो। महँगाइ र बेरोजगारी उस्तै छ। खाद्य तथा इन्धनको मूल्य वृद्धि र युवाहरूको विदेश पलायनले गर्दा उत्पादन क्षमता घटेको छ। विदेशी मुद्रा रेमिटेन्समा निर्भरता र आयात बढ्दै जाँदा भुक्तानी सन्तुलनको चापमा छ। निजी क्षेत्र संकटमा छ। बैंकिङ प्रणालीमा ऋणको बोझ, उद्योगहरूमा बिजुली र कच्चा पदार्थको अभाव छ। सामाजिक क्षेत्रमा देखिँदो विकास देखाउने क्षेत्र शिक्षा र स्वास्थ्य हुन्, त्यसमा असमानता छ। ग्रामीण क्षेत्रमा चिकित्सक, स्कुल र स्वच्छ पानीको अभाव छ। प्रवासिने श्रमिक संख्या बढिरहेको छ। प्रतिदिन १५ सयभन्दा बढी युवा बिदेसिने, मुख्यतया मलेसिया, साउदी अरब र खाडीमा काम गर्न गइरहेका छन्। लैङ्गिक रूपमा महिलाहरूको साक्षरता (६५ प्रतिशत) र राजनीतिक प्रतिनिधित्व (३३ प्रतिशत) मा सुधार भए पनि, घरेलुहिंसा र बालविवाह चुनौतीकै विषय बनेका छन्।

विकास भनेकै पूर्वाधारको काम हेरेर भन्ने चलन छ यहाँ। काठमाडौँ–तराई एक्सप्रेस वे जस्ता केही मेगा परियोजना निर्माणाधीन छन्, तर कार्यान्वयनमा ढिलाइ छ। कर्णालीको हुम्ला जिल्ला अझै राष्ट्रिय सडक सञ्जालमा जोडिएको छैन। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था 'इप्पान'का अनुसार हालसम्म २,७९४ मेगावाट जलविद्युत् उत्पादन भएको छ। तर घरेलु माग पूर्ति र निर्यातमा अवरोध छ। फोर–जी, फाइभ–जी सञ्चार सेवा विस्तार र डिजिटल भुक्तानी बढ्दो छ। यद्यपि ग्रामीण क्षेत्रमा पहुँच विस्तार भएको देखिँदैन। पर्यावरणीय जोखिम बढिरहेका छन्। नेपालले नखाएको विष लागेर हिमाली क्षेत्रमा ग्लेसियर पग्लने, बाढी–पहिरोले प्रतिवर्ष सयौँलाई प्रभावित पार्ने गरेको छ। काठमाडौँ विश्वकै प्रदूषित सहरमा पर्छ। यो पृष्ठभूमिमा संघीयताका कारण संघ, प्रदेश र स्थानीय तहले सुरुमा नीति तथा कार्यक्रम र त्यसपछि बजेट ल्याउने तयारी गरिरहेका छन्।

**प्राथमिकता दिनुपर्ने नीति तथा कार्यक्रम**

नेपाल सरकारले आर्थिक वर्ष २०८२/०८३ का लागि बन्ने नीति तथा कार्यक्रम आर्थिक, सामाजिक र राजनीतिक प्राथमिकतालाई ध्यानमा राखेर तय गर्नुपर्छ।

**क) आर्थिक स्थिरता र वृद्धि**

हाम्रो देश कृषिप्रधान भएकाले कृषि उत्पादनमा जोड दिनुपर्छ। कुनै पनि खेतीयोग्य जमिन बाँझो राख्न दिनु हुँदैन। सिँचाइ, उन्नत बिउ र सहजीकरणमा लगानी, किसानलाई सस्तो ऋण उपलब्ध गराउनुपर्छ। औद्योगिक विकासका लागि साना तथा मझौला उद्यमलाई प्रोत्साहन, निजी क्षेत्रलाई सहयोग र उत्पादनशीलता बढाउने प्रविधि लागु गर्नुपर्छ। पर्यटन प्रवर्द्धनका लागि नेपाललाई 'पर्यटन सुरक्षित गन्तव्य' घोषणा गर्ने, आधारभूत संरचना ( सडक र हवाई अड्डा) सुधार्नुपर्छ।

**ख) युवा पलायनमा न्यूनीकरण**

तालिममूलक कार्यक्रम (विशेष गरी प्रविधि, निर्माण, सेवा क्षेत्र) का साथै स्वरोजगार योजनाहरू ल्याउनुपर्छ। युवा पलायन रोकेर रोक्न सकिँदैन तर न्यूनीकरण गर्न प्रेरित गर्नुपर्छ। विदेशी रोजगारलाई सुरक्षित बनाउने भूमिका खेल्नुपर्छ।

**ग) आधारभूत संरचनाको विकास**

मानवीय जीवनमा सहजताका लागि हिँड्डा सडक चाहिन्छ। केही सोध्न र सोच्न सञ्चार चाहिन्छ। त्यो इन्टरनेट पहुँच विस्तार गरी ई–गभर्नेन्स लागु गर्नुपर्छ। अन्धकार हटाउन मात्र होइन, उद्योग खोल्नलाई बिजुली बत्ती चाहिन्छ। हरेकको घरमा खानेपानीको व्यवस्था हुनुपर्छ। मध्य पहाडी र हिमाली क्षेत्रमा सडक जोड्नुपर्छ। नयाँ जलविद्युत् परियोजनाहरू सुरु गर्नुपर्छ। यसो नगरी रोजगारका अवसर खुल्दैनन्।

**घ) सामाजिक सुरक्षा र स्वास्थ्य**

गरिबी निवारणका लागि न्यूनतम आयआर्जन कार्यक्रम लागु गर्नुपर्छ। सामाजिक सुरक्षा योजनाहरू (वृद्धभत्ता र विधवाभत्ता) मा वर्ग विश्लेषणका आधारमा उपलब्ध गराउनुपर्छ। यो भत्ता स्वेच्छिक बनाउँदा पनि हुन्छ। ग्रामीण क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू सुदृढ गर्नुका साथै सस्तो औषधि उपलब्ध गराउने नीति व्यवहारमा उतार्नुपर्छ। नत्र भने बाटो पुग्दै गर्दा गाउँ छोड्ने प्रवृत्ति बढ्नेवाला छ।

**ङ) शिक्षा र मानव विकास**

देश असफल हुनबाट जोगाउन गुणस्तरीय शिक्षामा जोड दिनुपर्छ। विद्यालय स्तरमा प्राविधिक शिक्षा बढाउने र शिक्षकहरूको क्षमता विकासमा लाग्नुपर्छ। आधारभूत विद्यालयहरू आमाबाबुको काखमा बसेर पढ्नु। माध्यमिक तह आवासीय विद्यालयमा केन्द्रित गराई देशको जनशक्तिको जग हाल्नुपर्छ। विश्वविद्यालयहरू रोजगार सिर्जना गर्ने अनुसन्धान प्रयोगशालामा परिणत गर्नुपर्छ। उनीहरूले निजी क्षेत्रका उद्यमसँग सहकार्य गर्न सकुन्।

**च) सुशासन र भ्रष्टाचार नियन्त्रण**

सरकारी खर्चमा निगरानी बढाउनुपर्छ। ई–पर्ची प्रणाली लागु गर्नुपर्छ। हरेक योजनामा पारदर्शिता खोज्न तेस्रो पक्षको अनुगमन तथा मूल्याङ्कन आवश्यक छ। भ्रष्टाचारविरुद्ध कडा कारबाही, न्याय प्रणालीमा सुधार गरे मात्र कानुनी शासन छ भन्ने हुन्छ। अहिले सरकारले जे भन्छ, त्यसमा पत्याइहाल्ने अवस्था रहेको पाइँदैन।

**छ) वातावरणीय सन्तुलन**

जलवायु अनुकूलन नीति अख्तियार भएकै छ। हरित ऊर्जालाई प्राथमिकता दिनुपर्छ। दिगो वन संरक्षण कार्यक्रम, प्रकृतिमैत्री दोहन र संरक्षण गर्नुपर्छ। सबै क्षेत्र हराभरा बनाउन नदी तथा खोलालाई पहाड चढाउने योजना बनाउनुपर्ने देखिन्छ। चैत–वैशाख लागेपछि जता हेरे पनि कुइटो लागेर कहीँ पनि नदेखिने अवस्था हटाउन वनमा आगलागी हुनबाट जोगाउन सबै संयन्त्र परिचालन गर्नुपर्छ।

**ज) विदेशी लगानी र निर्यात प्रवर्द्धन**

व्यापारमा सुगमता आउनुपर्छ। निर्यातमूलक उद्योगलाई कर छुट, विदेशी लगानीका लागि 'वन–स्टप सेवा' ल्याउनुपर्छ। यस खाले नीतिले आर्थिक सुदृढीकरण, रोजगार सिर्जना, सामाजिकन्याय र आधारभूत विकासमा केन्द्रित गर्छ। नेपालको आर्थिक पुनरुत्थान र दिगो विकासलाई गति दिन सक्नुपर्छ।

**आशा जगाउनुपर्ने विषय क्षेत्र**

नेपालको वर्तमान चुनौतीलाई सम्बोधन गर्ने यथार्थवादी नीति तथा कार्यक्रमले देशमा आशा जगाउन सक्छ। यसका लागि निम्न रणनीति अख्तियार गर्नुपर्छ। आर्थिक पुनरुत्थानका लागि नेपाल उद्यमी योजना, युवाहरूलाई स्टार्टअप कोष, प्रशिक्षण र ट्याक्स छुट दिई घरेलु उद्यमशीलता बढाउनुपर्छ।

**पर्यटन विशेष आर्थिक क्षेत्र :** पोखरा, लुम्बिनी र हिमाली क्षेत्रमा सडक तथा हवाई पूर्वाधार विकास गरी विदेशी पर्यटक आकर्षित गर्नुपर्छ।

**कृषि क्रान्ति :** स्मार्ट फार्मिङ र 'किसान डट जीओभी डट एनपी'बाट किसान बजार डिजिटल प्लेटफर्म बनाउनुपर्छ। यसो गर्न सके देशमै रोजगारी सिर्जना हुन्छ। युवाहरूको विदेश पलायन घट्छ। स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउँछ। सबै सरकारी खरिद, नियुक्ति र बजेट डिजिटल प्लेटफर्ममा पारदर्शी रूपमा प्रदर्शन गर्न सक्नुपर्छ। प्रदेश र स्थानीय तहको प्राथमिकताका आधारमा क्षेत्रगत योजना बनाउने र कार्यान्वयन गर्ने पद्धति बसाल्नुपर्छ। यस खाले पारदर्शिता र जवाफदेहिताबाट नागरिकले सरकारप्रति विश्वास गर्ने ठाउँ रहन्छ।

**नेपाल बिजुली निर्यात मिसन :** ऊर्जा र पूर्वाधारमा ठुला परियोजना अगाडि बढाउनुपर्दछ। १० हजार मेगावाट जलविद्युत् उत्पादन गरी भारत र बंगलादेशलाई बिक्री गर्ने बहुवर्षीय कार्ययोजना अगाडि बढाउनुपर्छ। 'एक गाउँ, एक इन्टरनेट' सञ्जालबाट ग्रामीण क्षेत्रमा डिजिटल रोजगारी सिर्जना गर्नुपर्छ। यसबाट नेपाललाई दक्षिण एसियाको 'हरित ऊर्जा हब' बनाउन सकिन्छ। प्रवासीका लागि घरैमा अवसर सिर्जना हुन्छ।

शिक्षा र स्वास्थ्यमा क्रान्ति ल्याउन 'डिजिटल शिक्षा इक्विटी फण्ड' राख्नुपर्छ। प्रत्येक विद्यालयमा फाइबर इन्टरनेट र ट्याबलेट वितरण गर्नुपर्छ। एक जिल्ला, एक उत्कृष्ट अस्पताल, प्रत्येक जिल्लामा ५० बेडको आधुनिक अस्पताल निर्माण हुनैपर्ने प्रावधान राख्नुपर्छ। सबै नागरिकले निःशुल्क स्वास्थ्य जाँच गर्ने व्यवस्था हुनुपर्छ। स्वस्थ र शिक्षित जनशक्ति नै देशको भविष्य हो भन्ने कुरा हेक्का राख्नुपर्छ।

**सामाजिक एकताका लागि राष्ट्रिय गौरव यात्रा :** स्कुलहरूमा नेपाली भाषा, इतिहास र संस्कृतिलाई बढावा दिनुपर्छ। सबै नागरिकका लागि आधारभूत स्वास्थ्य बिमा योजना लागु गर्नुपर्छ। महिलाहरूलाई ब्याजमुक्त ऋण उपलब्ध गराउनुपर्छ। समावेशी विकासले समाजमा आत्मविश्वास जगाएको व्यावहारिक रूपमा महसुस गराउनुपर्छ। यथार्थवादी लक्ष्य छोटो (१–३ वर्ष), मध्यम (५–७ वर्ष) र दीर्घकालीन (१० वर्ष) योजनाहरूको संयोजन गरेर स्थानीय तहमा सबै नागरिक, युवा र निजी क्षेत्रलाई सहभागी गराउन सक्नुपर्छ। यसको प्रगति प्रतिवेदन प्रत्येक तीन महिनामा सार्वजनिक गर्ने अठोट गर्नुपर्छ। उदाहरणका लागि नेपाल बिजुली निर्यात मिसन सफल भयो भने नेपालले प्रतिवर्ष एक खर्ब रुपैयाँ कमाउन सक्छ, जसले गरिबी र बेरोजगारी घटाउँछ।

१६औँ राष्ट्रिय योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रा तय गरेको छ। समाजमा आशा जगाउन 'समस्यालाई अवसरको रूपमा रूपान्तरण गर्ने' नीतिहरू चाहिन्छ। सरकारले पारदर्शिता, जवाफदेहिता र नव–प्रवर्तनलाई प्राथमिकता दिन्छ भने नेपाल १० वर्षभित्रै दक्षिण एसियाको उदाहरणीय राष्ट्र बन्न सक्छ। यसैले बालबालिकालाई लगानी, युवालाई रोजगारी र ज्येष्ठ नागरिकलाई सम्मान र सुरक्षा दिन सक्नुपर्छ। उत्पादन बढाउन र रोजगारी सिर्जना गर्न संघले रूपान्तरणकारी आयोजना, प्रदेशले प्रदेश महत्त्वका आयोजना र स्थानीय तहले स्थानीय पहिचानका आयोजना ल्याउनुपर्छ। पछाडि परेको वर्ग र कर्णाली, सुदूरपश्चिम र मधेशको पक्षमा उल्लिखित क्षेत्रमा सरकारले नीति तथा कार्यक्रम बजेटसहित ल्याउँछ कि गफ सुनाउने पुलिन्दा मात्र ! त्यो प्रक्रिया संघबाट सुरु हुन्छ। यो पर्व २०८२ वैशाख १९ गते बिहीबारका दिन संसद्मा हेर्न पाइनेछ।

# बदलिएका बस्ती : चोला फेरेको कर्जन्हा–१

**शैलेन्द्र महतो**

जनकपुर, १८ वैशाख। टोल–टोलमा कालोपत्रे तथा पक्की सडक, घर–घरमा खानेपानीका धारा। खेत–खेतमा सिंचाइ, गाउँ–गाउँमा बिजुली बत्ती। अनि, प्रत्येक घरका बालबालिका विद्यालयमा अध्ययनरत। सिरहामा पर्ने कर्जन्हा नगरपालिका वडा नम्बर १ को पछिल्लो चित्र हो यो। यी र यस्ता विकासले कर्जन्हाको यो वडा अरु वडाभन्दा विशिष्ट छ। पूर्व–पश्चिम राजमार्गसँग जोडिएको बन्दीपुर बजारबाट झण्डै डेढ किलोमिटर माथि उक्लिएपछि सुरु हुन्छ कर्जन्हाको वडा नम्बर १। राष्ट्रिय जनगणना २०७८ अनुसार यस वडाको कुल जनसंख्या २७०९ रहेको छ। जसमा महिला १४५१ र पुरुष १२५८ छन्। एकल परिवार संख्या ११४४ छ।

६४० घरधुरी रहेको यस वडामा बाल्टिया, रतनपुर, बयरवनी, पखनौटीटोल, मुसहर लगायतका बस्ती छन्। बाहुन, क्षेत्री, दमाई, दनुवार, मुसहर, मुखिया, बिनलगायत विभिन्न जातजातिको बसोबास रहेको यो वडामा आपसी सद्भाल र सहिष्णुता पाइन्छ। रतनपुरका दिवाकर गिरीका अनुसार यो वडामा करिब सय जना व्यक्ति सरकारी सेवामा कार्यरत छन्। त्यसमा ५० जना बढी सुरक्षाकर्मी मात्रै छन्। बन्दीपुरदेखिको कालोपत्रे सडक हुँदै माथि पुग्दा कमला नदी किनारको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल उत्तरबाहिनी पर्छ, जुन यसै वडामा छ। वडाको केन्द्रमा पर्ने बल्टियाटोलमा १ को वडा कार्यालय रहेको छ। वडा कार्यालयबाट सर्वसाधारणले सहज सेवा पाइरहेका छन्।हिलाम्मे–धुलाम्मे सडक, खानेपानी र बिजुलीको अभाव, अशिक्षा, बेरोजगारी अनि गरिबीको कहालीलाग्दो अवस्थाबाट गुज्रिएको यो गाउँले पछिल्लो २० वर्षमा चोला फेरेको छ।

छेउमै आधारभूत स्वास्थ्यचौकी रहेको छ। चार वर्षअघि मात्र स्थापना भएको स्वास्थ्य चौकीमा दैनिक दुई दर्जन बिरामी सेवा लिन आउने गरेको सीअहेब चन्देश्वर साह बताउँछन्। वडा कार्यालयबाट करिब तीन सय मिटर दक्षिणमा श्री नन्दबाबा माध्यमिक विद्यालय, बाल्टिया अवस्थित छ। जसमा गत वर्षदेखि माध्यमिक तहको पढाइ सुरु भएको छ। कमला नदीको नहर र हालै निर्माण गरिएको कुलो–पैनीले यहाँका खेतबारीमा सिँचाइ सेवा पुगेको छ। यस वडामा पनि अन्य बस्तीभन्दा भिन्न छ, रतनपुर टोल। १४२ घरधुरी पहाडी समुदायको मात्र बसोबास रहेको यस बस्तीका धेरै घरका मानिस नेपाली सेना र प्रहरीमा जागिरे छन्। तीन वटा शिव मन्दिर र प्रसिद्ध नन्दबाबा कुटी यस क्षेत्रका धार्मिक गन्तव्य हुन्। यस वडावासीको जीविकोपार्जनको मुख्य आधार कृषिसँगै वैदेशिक रोजगारी रहेको बाल्टियाकी ३९ वर्षीया दुर्गा धामी बताउँछिन्। 'अधिकांश घरबाट कम्तीमा एकजना वैदेशिक रोजगारीमा गएका छन्। यहाँ बस्नेले खेतीपाती गर्छन्। धेरैले जागिर पनि खाइरहेका छन्,' दुर्गा धामी सुनाउँछिन्।

दुई दशकअघि यस वडाका बस्तीहरूको अवस्था कहालिलाग्दो थियो। कच्ची हिलाम्मे र धुलाम्मे बाटो, फुसका घर, अशिक्षा, गरिबीले बस्ती गाँजिएको थियो। चुरे जंगलको घाँस–दाउरा यहाँका मानिसको जीविकोपार्जनको मुख्य आधार थियो। रतनपुर टोल 'त्यतिबेला कच्ची बाटो थियो। धुलो र हिलोले यात्रा गर्न निकै समस्या हुन्थ्यो। घर फुसका थिए भने छाना खरका। जंगलबाट ल्याइएको घाँस–दाउरा बेचेर गुजारा चल्थ्यो,' दुर्गा विगत सम्झन्छिन्। गरिबी र अशिक्षाका कारण पढ्न नपाएकी दुर्गाले अहिले चार छोराछोरीलाई पढाइरहेकी छन्। '२० वर्षअघि र अहिलेमा धेरै परिवर्तन आइसकेको छ। मेरा छोराछोरी सबै श्री नन्दबाबा माध्यमिक विद्यालयमा पढिरहेका छन्। पठनपाठन राम्रो छ,' उनी गर्वका साथ भन्छिन्।

त्यसबेला गाउँमा ५ कक्षासम्म विद्यालय थियो। स्थानीय सन्तोषी कार्कीका अनुसार दनुवार बस्तीमा खासै छोराछोरी पढाउने चलन थिएन। 'त्यतिबेला थारु बस्तीमा एकजना साथी मात्रै मसँग पढ्थिन्। थारु बस्तीमा छोराछोरी खासै पढाउँदैनथे। अहिले त छोराछोरी पढाउन कसैले छुटाएका छैनन्,' उनले थपिन्। कार्कीको अनुभवमा यस वडामा २० वर्षअघि र पछिको विकासमा धेरै फरक आइसकेको छ। 'पहिले साँघुरो कच्ची बाटो थियो। बजार जाँदा भारी बोकेर जानुपर्थ्यो। दुई किलोमिटर पैदल हिँडेर विद्यालय जानुपर्थ्यो,' एसएलसी पढेकी सन्तोषीले भनिन्। रतनपुर टोलका किसान दिवाकर गिरीका अनुसार पहिले खानेपानी र बिजुलीको अभाव थियो। चापाकलबाट पानी खनुपर्थ्यो। त्यो पनि पानीको सतह तल जाँदा सुक्दै गयो। चार वर्षयता सबैको घरमा खानेपानीको धारा जोडिएको छ। 'पहिले खानेपानीको समस्या थियो। नन्दबाबा खानेपानी सरसफाइ उपभोक्ता समितिबाट चार वर्षभित्र यस वडाको सबै घरमा धारा जोडिएको छ,' गिरीले भने।

उनको बुझाइमा गाउँको चेतनास्तरमा पनि ठूलो परिवर्तन आएको छ। पहिले दिनहुँजसो झै–झगडा हुने बस्ती अहिले शान्त छ। 'गाउँमा सबै समुदाय मिलेर बसेका छन्। दलित बस्तीमा पनि धेरै परिवर्तन आएकेको छ। दलित समुदायले पनि आफ्ना बालबच्चा स्कुल पठाउन थालेका छन्,' गिरी भन्छन्। दुई दशकको अन्तरालमा आएको परिवर्तन रतनपुर टोलकी ६९ वर्षीया सोममाया श्रेष्ठलाई चमत्कारझैं लाग्छ। '२०४८ सालमा हामी ओखलढुंगाबाट रतनपुर आउँदा गाउँमा ४–५ वटा जति फुसका घर थिए। धेरै दुःख थियो। म कति रोएँ, रोएँ,' सोममाया अतीत सम्झिँदै भन्छिन्, 'अहिले हेर्नुस् त, सबैको पक्की घर छ। यी तीन वटा घर मेरै तीन छोराहरूका हुन्।' सोममायाका तीन छोरा सुरक्षाकर्मीमा छन्। उनका दिवंगत श्रीमान् मोहन दास पनि प्रहरी सेवामा थिए। उनी भन्छिन् 'अहिलेको अवस्था हेर्दा पहिलेको दुःख त एका देशको कथा जस्तै लाग्छ।'

बगर जस्तै देखिने खेतबारीमा अहिले गहुँ, धान, मकै, तोरी लगायतका बालीनाली लहलहाउँछन्। कुलो–पैनी बनाएर गाउँका धेरैजसो खेतबारी सिंचित भएको स्थानीय प्रेमनाथ चौलागाईं बताउँछन्।'पहिले त यहाँको जग्गा बगर जस्तै थियो। पछिल्लो समय कमलाको नहरबाट कुलो–पैनी बनाएर धेरै खेतबारी सिंचित भएको छ। गहुँ, धान, मकै, तोरी लगायतको बालीनाली हुन्छ,' चौलागाईं भन्छन्। सोनफी माझी पहिले प्रायः किसानको घरमा एकहल गोरु हुन्थ्यो। तर अहिले हलगोरु हराए जस्तो भयो। अब ट्याक्टर लगाएर जोतकोर गरी खेतीपाती गर्ने गरिएको माझी टोलका सोनफी माझी बताउँछन्।'पहिले अधिकांशको घरमा हलगोरु हुन्थ्यो। अहिले ट्याक्टर जोतेर खेतीपाती हुन्छ। थारु टोलमा मुस्किलले २/४ जनाको घरमा मात्र हलगोरु बाँकी होला। मान्छे सुकुमार भए,' माझी भन्छन्।

माझीको दृष्टिकोणमा हेर्दाहेर्दै विभिन्न क्षेत्रमा अप्रत्यासित परिवर्तन आइसकेको छ। यस वडाका खडेन्द्रप्रसाद पोखरेल वडाध्यक्ष छन्। 'बाटोघाटो बन्यो, स्कुल बन्यो, नगरपालिका बन्यो। सबैले बालबच्चा पढाउन जोड दिन्छन्। धेरै परिवर्तन आएको छ,' माझी भन्छन्। दुई दशकको अन्तरालमा यहाँका जनताको जीवनस्तरमा निकै परिवर्तन आएको छ। कमला नदीको पूर्वी छेउमै रहेको यस वडाका बस्तीहरू अन्य वडाको लागि उदाहरणीय भएको कर्जन्हा नगरपालिकाकी उपमेयर लक्ष्मी श्रेष्ठ बताउँछिन्। 'यो वडा सडक, शिक्षा, खानेपानी, सरसफाइ, सिंचाइको हिसाबले अन्य वडाभन्दा फरक छ। उदाहरणीय छ,' उनी भन्छिन्।



## जोखिम मोलेर...

भट्टी पड्कदा केही भारतीय मजदुरको ज्यान गएको थियो तर, कतिले ज्यान गुमाए र कति घाइते थिए भन्ने तथ्याङ्क उद्योग प्रशासनले गोप्य राखेको छ। जगदम्बा स्टिल अखिल नेपाल ट्रेड युनियन मजदुर संघका सचिव दिपक कार्की अन्य उद्योगको तुलनामा फलामजन्य उद्योगमा काम गर्ने मजदुरको ज्यान ९९ प्रतिशत बढी जोखिममा रहेको बताउँछन्। 'फलामजन्य उद्योगमा काम गर्ने मजदुरहरूको काम धेरै गाह्रो छ, आगोमा कवाडी गलाउने, फलाम उचाल्ने, राख्ने काम गर्दा जुनसुकै बेला पनि ज्यान जानसक्छ,' कार्कीले भने, 'जगदम्बा स्टिलमा विगतमा भट्टी पड्किएर धेरै मजदुरले ज्यान गुमाए पनि अहिले केही सुधार भएको छ।'

जगदम्बा स्टिलमा १ हजार ५ सय बढी मजदुर कार्यरत छन्, जसमध्ये अधिकांश भारतीय हुन्। करार, दैनिक ज्यालादारी र ठेकदार कम्पनी मार्फत कार्यरत मजदुरहरूले मासिक पारिश्रमिक बाहेक कुनै सुविधा पाउँदैनन्। अशोक स्टिल प्रा.लिका व्यवस्थापक विनय झाले ठेकदार कम्पनीले आफूमार्फत काममा खटाएका मजदुरहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध नगराएको बताए। अशोक स्टिल प्रा.लिमा करिब ३ सय मजदुर कार्यरत छन्। 'हाम्रो उद्योगमा ६०/६५ जना सामाजिक सुरक्षा कोषमा आवद्ध छन् बाँकी ठेकदारमार्फत काम गर्छन्,' व्यवस्थापक झाले भने, 'मजदुरहरू सबैलाई हामीले हेलमेट, जुत्ता, पञ्जा दिएका छौं। अब लगाउँदैनन् भने के गर्ने र ?'

सरकारले २०७६ देखि अस्थायी, करार तथा दैनिक ज्यालादारीमा कार्यरत मजदुरहरूलाई अनिवार्य रूपमा योगदानका आधारमा सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्ने कानुनी व्यवस्था गरेको छ। तर बारा–पर्सा औद्योगिक करिडोरमा कार्यरत दैनिक ज्यालादारी, अस्थायी तथा करारका मजदुरहरू यो सुविधाबाट वञ्चित छन्। वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले बारा–पर्सा औद्योगिक करिडोरका साना, ठुला र मझौला प्रकृतिका उद्योगहरूमा मात्रै ५० हजार मजदुर आवद्ध रहेको बताए। उनले फलामजन्य उद्योगमा कार्यरत मजदुरहरूको कार्यक्षेत्रमा अपनाउनुपर्ने सुरक्षाको साम्रगी र सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने विषयमा उद्योगीहरू गम्भीर रहेको जिकिर गरे।

### 'जोखिम मोलेर काम गर्दैछन् मजदुर'

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री तथा संघीय संसदको उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सदस्य महेन्द्र बहादुर शाहीले बारा–पर्सा औद्योगिक करिडोरका मजदुरहरूले राज्यले तोकेको कुनै पनि सेवा–सुविधा नपाएको बताए। 'मजदुरहरूको जीवन खतरामा छ। स्वास्थ्यमा ठुलो समस्या छ। सुरक्षा साम्रगी केही छैन', उनले भने, 'नाङ्गो खुट्टाले फलामको काम गरिरहेको समेत भेटियो।' यसको नियमन सरकारले गर्नुपर्ने भए पनि मजदुरको समस्या समाधानमा सरकारलाई चासो नदेखिएको शाहीले बताए। मजदुरहरूको जीवन गुजारा चले पनि जीवनस्तर बदलिन नसकेको उनको भनाइ छ। '१० वर्षअघि मजदुरहरू जहाँ थिए, आज पनि त्यहीँ छन्, उनीहरूको दैनिक गुजारा चले पनि जीवनस्तर उकासिएको छैन,' शाहीले भने। करिडोरका उद्योगमा कार्यरत मजदुरको अवस्था अध्ययन तथा अनुगमन गर्न गत महिना संघीय सांसदहरूको टोली बारा–पर्सा आएको थियो।

## जागिर र कर्मचारी...

रोजगारीका अवसरबारे जानकारी लिई सहजै आवेदन दिन सकिने मन्त्रालयले जानकारी दिएको छ। सीपमूलक तालिमबारे जानकारी लिन तथा सजिलै आवेदन दिन सकिने र रोजगार खोज्ने व्यक्तिले समेत आफ्नो सीपको विज्ञापन गर्नसक्ने यस पोर्टलको विशेषता हो।

## सिरहामा ...

कायम गर, अनौपचारिक श्रमिकलाई पहिचान देऊ, ज्याला निर्धारण समिति गठन गरलगायतका माग गरे। प्रदर्शनमा दर्जनौं विद्युतीय रिक्साचालकहरू रिक्सासहित सहभागी भएका थिए।






मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

## डिभिजन वन कार्यालय

सिराहा, लहान

### सूचना

मिति : २०८२/०१/१९

यस कार्यालयको आ.व.२०८१।०८२ को मधेश प्रदेश सरकार तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि वन कार्यक्रम संचालन तथा कार्यान्वयनको लागि रु १० (दश) लाख अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले निजी जग्गाको उत्पादकत्वमा सुधार ल्याउन तथा न्यून उत्पादन हुने निजी जग्गाको उत्पादकत्व बृद्धि गर्न हावापानी सुहाउदो कृषि वन प्रणाली लागु गरी स्थानिय जनताको आय आर्जनमा सुधार ल्याउन निजी जग्गाधनि वा निजी जग्गाधनिहरुको समूह वा सहकारीको माध्यमबाट बहुतलिय प्रविधि अपनाई कृषि वन प्रणाली लागु गरी कृषि वन कार्यक्रम संचालन गर्न ईच्छुक निजी जग्गाधनि वा निजी जग्गाधनिहरुको समूह वा सहकारीले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलका कागजातहरु सहित प्रस्तावना पेश गर्नुहुन अनुरोध छ।

**पेश गर्नुपर्ने कागजातहरु:**

१. जग्गा धनि प्रमाण पत्र (लालपूर्जा)।
२. नापी कार्यालयबाट हालसालै प्रमाणित भएको नक्सा।
३. तिरो तिरेको रसिद
४. नेपाली नागरिकताको फोटोकपि
५. अनुमानित लागत अनुमान
६. सम्बन्धित वडा वा स्थानिय तहको सिफारिस

# वीरगञ्जमा अवैध प्रवेश रोक्न ‘स्पेसल डग’ परिचालन

वीरगगञ्ज, १८ बैशाख। जिल्ला प्रहरी कार्यालय पर्साले नेपाल–भारत सीमानाकामा थप निगरानी बढाएको छ। भारतले पाकिस्तानी र बङ्गलादेशी नागरिकलाई देश छोड्न आदेश दिएपछि नेपालको मुख्य प्रवेशद्वारमा सुरक्षा सतर्कता बढाइएको हो।

छिमेकी मुलुक भारतबाट नेपाल प्रवेश गर्ने शंकास्पद व्यक्तिको जाँचमा कडाइ गरिएको जिल्ल प्रहरीले कार्यालय पर्साले जनाएको छ।भारतबाट नेपाल प्रवेश गर्नेलाई सरकारी परिचय पत्र देखाउन अनिवार्य गरिएको पर्सा प्रहरी प्रमुख (एसपी) गौतम मिश्रले बताए।उनका अनुसार वीरगन्ज नाका भएर भारत जान वा भारतबाट नेपाल प्रवेश गर्न नागरिकता, परिचयपत्र अनिवार्य देखाउनुपर्ने नियम लागु गरिएको छ।

एसपी मिश्रले महानगरका सबै प्रहरी इकाइ तथा मातहतका प्रहरी चौकीहरूलाई सिमानाकाबाट प्रवेश गर्ने व्यक्तिमाथि निगरानी गर्न निर्देशन समेत दिएका छन्। सुरक्षा संवेदनशीलतालाई मध्यनजर गरेर कुनै चुक नगरी नाकामा सतर्कता अपनाउन मातहतका निकायलाई निर्देशन दिइएको प्रहरी प्रमुख मिश्रले बताए।

सीमानाकामा कडाइ गर्नका लागि प्रहरीले आफ्नो ‘स्पेसल डग’ को समेत परिचालन गरेको छ। अहिले मुख्य नाकामा प्रहरीको ‘स्पेसल डग’ खटाएको प्रहरी प्रमुख मिश्रको भनाइ छ। ‘सीमानाका भएर लागु औषधको ओसारपसार पनि भइरहेको छ। सबै हिसाबले सतर्कता बढाएका छौं, एसपी मिश्रले भने, ‘अहिले पाकिस्तानी र बङ्गलादेशी नागरिक वीरगन्ज नाका भएर नेपाल प्रवेश गर्न सक्ने अवस्था छ, त्यही आङ्कलन गरेर सुरक्षा समितिको सल्लाहबमोजिम थप निगरानी बढाएका हौं।’

वीरगञ्जसहित ग्रामीण भेगका नाकाहरूमा व्यापक सङ्ख्यामा प्रहरी परिचालन गरिएको छ। भारतको काश्मिर राज्यस्थित पहलगाममा एक नेपालीसहित २७ जनाको आतंकवादीहरुले हत्या गरेपछि उत्पन्न घटनाक्रमलाई मध्यनजर गरी पर्सा प्रहरीले थप सतर्कता बढाएको हो। भारत र पाकिस्तानबिच उत्पन्न विवादले एक अर्का देशका नागरिकलाई देश निकाला गरिरहेको अवस्थामा भारत भएर नेपाल भित्रिने पाकिस्तानी र बङ्गलादेशी नागरिकको अवैध प्रवेश रोक्न निगरानी तीव्र पारिएको पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए।

# जसपा नेतृ यादवले पड्काएको पेस्तोल ‘नक्कली’, फरेन्सिक जाँच गरिने

जनार्जन खत्री

सर्लाही, १८ बैशाख। जनता समाजवादी पार्टी (जसपा) नेपालकी नेतृ डा. बबीसिंह यादवले विवाहको हल्दी मेहन्दीमा पड्काएको पेस्तोल ‘नक्कली’ रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ। उक्त पेस्तोल बिहीबार दिउँसो सर्लाही प्रहरीले बरामद गरेको छ। सप्तरीको बोदेबरसाइन नगरपालिका–५, घर भएकी नेतृ यादवले सर्लाहीको मलङ्गवा नगरपालिका–५, भाडसरमा आएर विवाहको हल्दी मेहन्दीमा पेस्तोल पड्काएको भिडियो बिहीबार बिहानैदेखि टिकटिक र अन्य सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ।

अन्य केही आफन्तसँग नाच्दै गर्दा यादवले पेस्तोल पड्काएको भिडियो भाइरल भएपछि उनलाई बिहीबार सप्तरी प्रहरीले जिल्ला प्रहरी कार्यालय राजविराजमा बोलाएर सोधपुछ गरेको छ। त्यसक्रममा यादवले उक्त पेस्तोल सर्लाहीमा आफन्तको विवाहमा आउँदा पड्काएको स्वीकार गरेपछि सप्तरी प्रहरीले सर्लाही प्रहरीलाई जानकारी गरायो। सप्तरीबाट प्राप्त सूचनाको आधारमा अनुसन्धान गर्दा यादवले उक्त पेस्तोल यही वैशाख ११ गते सीमावर्ती क्षेत्रस्थित मलङ्गवा नगरपालिका–५, भाडसरका वसन्त कुमारकी छोरी सुप्रिया कुमारीको हल्दी मेहन्दीमा पड्काएको स्वीकार गरेको प्रहरीले जनाएको छ। बबीसिंह यादव वसन्त कुमारको भान्जी हुन्।

सर्लाही प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) सरोज राईले बबीसिंह यादवले उक्त नक्कली पेस्तोलमा बारुद हालेर पड्काएको पाइएको जानकारी दिए। सो पेस्तोल र बारुद बिहीबार दिउँसो जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले वसन्त कुमारका दाइ मलङ्गवा नगरपालिका–२, का अन्जनी तिलहरीको घरबाट बरामद गरेको छ।

यस घटनाका सम्बन्धमा अनुसन्धान प्रक्रिया के–कसरी अघि बढाउने भनी सरकारी वकिलसँग परामर्श गरिने डिएसपी राईले बताउनुभएको छ। डिएसपी राईका अनुसार बरामद पेस्तोल झट्ट हेर्दा गोली हालेर पड्काउने सक्कली पेस्तोल जस्तै देखिएको र थप पुष्टीका लागि फरेन्सिक परीक्षण गर्न काठमाडौं पठाउने तयारी गरिएको छ।

नेतृ यादवले आफूले पड्काएको पेस्तोलबाट एक राउणन्ड हवाइ फायर गरी धुँवा उडेको भिडियो भाइरल भएपछि फेसबुकमा स्टाटस लेख्दै उक्त घटना भारतमा भएको दाबी गर्नुभएको थियो। उहाँले उक्त पेस्तोल खेलौना भएको यादवले दाबी गर्नुभएको छ।

# जागिर र कर्मचारी खोज्ने दुवै पक्षलाई सघाउन सरकारले श्रम पोर्टल शुरू गऱ्यो

काठमाडौं, १८ बैशाख। सरकारले रोजगारदाता र उद्यमीबीच समन्वय गर्न ‘श्रमसंसार पोर्टल’ सञ्चालनमा ल्याएको छ। १३६औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आयोजना गरेको कार्यक्रममा ‘श्रमसंसार पोर्टल’ को शुभारम्भ गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले काम र कामदार नपाइने समस्या समाधान गर्न पोर्टल सञ्चालनमा ल्याइएको जानकारी दिए। रोजगार विनिमय कार्यक्रमलाई तुरुन्तै नागरिक एपमा जोडिने र एकातिर काम पाइएन भन्ने र अर्कोतिर कामदार पाइएन भन्ने दुवै समस्या समाधान हुने प्रधानमन्त्री ओलीको दाबी छ। प्रधानमन्त्री ओलीले श्रमिकको अधिकार रक्षा र समस्या समाधानका लागि सरकार प्रतिबद्ध रहेको पनि बताए।

यस्तै कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले ‘श्रम संसार’ पोर्टल सञ्चालन भएसँगै भनसुनको आधारमा रोजगारी पाइने स्थितिको अन्त्य हुने दाबी गरे। ‘श्रमसंसार पोर्टल’ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्माण गरेको श्रम बजारसम्बन्धी आधिकारिक सूचना प्रवाह गर्ने सञ्जाल हो। मन्त्रालयका अनुसार यसबाट श्रम बजारमा रहेका रोजगारी, तालिम तथा उद्यमशीलताका अवसरको सूचना उपलब्ध हुन्छन्। यो पोर्टल संघ तथा प्रदेश सरकारको समन्वयमा हरेक पालिकामा रहेका रोजगार सेवा केन्द्रमार्फत सञ्चालन हुनेछ। यसको प्रयोगले देशभर रहेका रोजगारीका अवसरबारे जानकारी लिई सहजै आवेदन दिन सकिने मन्त्रालयले जानकारी दिएको छ। सीपमूलक तालिमबारे जानकारी लिन तथा सजिलै आवेदन दिन सकिने र रोजागार खोज्ने व्यक्तिले समेत आफ्नो सीपको विज्ञापन गर्नसक्ने यस पोर्टलको विशेषता हो।

# सुनसरीबाट ट्रकसहित ७ सय ८३ किलो गाँजा बरामद



काठमाडौं, १८ बैशाख। सशस्त्र प्रहरी बलले सुनसरीबाट ७ सय ८३ किलो गाँजासहित ट्रक र दुई जनालाई पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल, नेपाल नं.१ बराह बाहिनी मुख्यालय सुनसरी र सुरक्षा वेश धरानको संयुक्त टोलीले गाँजासहितको ट्रक र त्यसका चालक तथा सहचालकलाई पक्राउ गरेको हो। धरान उपमहानगरपालिका–१३ निशाने डाँडामा नम्बर प्लेट नभएको ट्रकलाई शंका लागि जाँच गर्दा ट्रकमा गाँजा फेला परेको हो। साथै ना ७ ख २८१ लेखिएको नम्बर प्लेट पनि भेटिएको छ।

२२ वटा पोकामा लुकाइ ल्याउँदै गरेको अवस्थामा चालक सुनसरीको बराहक्षेत्र नगरपालिका–१ बस्ने ३१ वर्षीय मनोज परियार र सहचालक धनकुटाको सिदुवा नगरपालिका–६ बस्ने १८ वर्षीय आकाश राई पक्राउ परेका सशस्त्रका डीएसपी एवम् सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो। पक्राउ परेका उनीहरु, बरामद गाँजा र ट्रक आवश्यक कारबाहीको लागि गएराति जिल्ला प्रहरी कार्यालय ईनरुवा सुनसरीमा बुझाइएको छ। यसअघि हिजो बिहान पनि सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन बेश धनकुटाले ४ सय २१ किलो गाँजासहितको कार नियन्त्रणमा लिएको थियो।


मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
फोन नं. ०३३-५६४१३६
**रामकुमार शारडा उमा प्रसाद मुरारका**
**प्रादेशिक अस्पताल लहान सिरहा**

**जेनेरेटर खरिद गर्ने सम्बन्धी सूचना क्याटलग/ब्रोसरसपिगं विधिबाट जेनेरेटर खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आहवानको सुचना**

**प्रथम पटक प्रकाशित मिती २०८२।१।१९**

यस कार्यालयलाई अति आवश्यक पर्ने देहाय बमोजिमको ट्रान्सफर्मर सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन) २०७३ को दफा ८ को उपदफा (१) क (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथौ) संशोधनको २०७३ को नियम ३१ (ख) बमोजिम त्यस्तो कम्पनी वा सो को आधिकारिक विक्रेता (Importer) हरुबीच मात्र प्रतिष्पर्धा गराउने (क्याटलग सपिगं विधि) बाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको जेनेरेटर बिक्री गर्न चाहने उत्पादक (Manufacturer) तथा आधिकारीक विक्रेता (Importer) ईच्छुक कम्पनी,फर्महरुले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र,मु.अ.कर दर्ता प्रमाणपत्र, सम्बन्धित कम्पनीको आधिकारीक आपुर्तीकर्ता रहेको प्रमाणपत्र, स्वघोषणा पत्र, प्रतिवद्धता पत्र,आ.व.२०८०/८१ को करचुक्ता प्रमाण पत्र वा आ आफ्नो उत्पादकको आधिकारीक स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण क्याटलग वा ब्रोसर तथा ( Manufacturers) (Authorization Letter) समेत संलग्न राखि यो सुचना प्रकाशित भएको मितिले (८) आठ दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक (Manufacturer) वा आधिकारिक विक्रेता (Importer) को जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**अति आवश्यक जेनेरेटरको विवरण**

| Type of Generator | Requirement (General Specification) | Required Quantity | Remarks |
|---|---|---|---|
| 62.5 KVA Generator | Electric starting system : 12v-DC Rating- 62.5 KVA, frequency:- 50 Hz,No.of cylinder-4, Alternator Efficiency at 100% load : 91 & Alternator Efficiency at 75 % load:91.8, Battery capacity: 1x100, Voltage regulation = ±1 Time to built up rated voltage at rated RPM =<5, 415 Volt at rated governed at Dry weight of genset with canopy in 1470 Kg, Approx. overall dimension(LxWxH) mm- 2900 x 1100 x 1581 | 1 (One) pc | संक्षिप्त विवरणमा उल्लेख नभएका बुदाँहरु स्वीकृत टेक्निकल स्पेशिफिकेशन बमोजिम हुनेछ। |

**वरिष्ठ कन्सल्टेण्ट जनरल फिजिसियन**


छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)